# घोराही नगरपालिकाले आर्थिक बर्ष २०७१/७२ मा सम्पन्न गरेका कामहरुको सामाजिक परिक्षण

## प्रतिबेदन २०७२, कार्तिक

बिज्ञ समुह

सुदर्शन रिजाल उप प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस

सन्तोष सुबेदी उप प्राध्यापक गंगा क्याम्पस

दाङ्ग

## घोराही नगरपालिकाले आर्थिक बर्ष २०७१/०७२ मा सम्पन्न गरेका कामहरुको

## सामाजिक परीक्षण प्रतिवेदन २०७२, कार्तिक

### १ पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशाशन नियमावली २०६४ को नियम २०१( १) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेबारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यबस्थीत गर्न स्थानीय निकायको सामाजिक परिक्षण गर्न शुरु गरिएको छ ।

यसै सन्दर्भमा घोराही नगरपालिकाले आर्थिक बर्ष २०७१।७२ मा सम्पन्न भएका कार्यक्रमहरुको सामाजिक परिक्षणको जिम्मा हामी दुई सुदर्शन रिजाल र सन्तोस सुवेदीको विज्ञ समुहलाई दिए अनुसार यो सामाजिक परिक्षण सम्पन्न गरिएको छ । सामाजिक परिक्षणका क्रममा पाइएका कुराहरुलाई यहा प्रतिबेदनको रुपमा प्रस्तुत गरिएको छ ।

### २ सामाजिक परिक्षणको उद्देश्य

स्थानीय निकायको सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने उदेश्य अनुसार यस घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०।७१ मा काम गर्दा सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न गरेको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने ।

### ३ अध्ययनको विधी

- आवधिक योजना तथा बार्षिक योजनाको अध्ययन
- आर्थिक बर्ष २०७१।७२ मा सम्पन्न गरेका केही योजनाहरुको नमुना अनुगमन
- विगतका नगरपरिषदले गरेका निर्णयहरु
- लेखा परिक्षण प्रतिबेदन २०७१/७२ ।
- नगरपालिका बोर्डले गरेका निर्णयहरु ।
- नगर सूचना केन्द्रमा उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन
- लक्षित समुह अन्तर्बार्ता, स्थलगत निरिक्षण
- अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।
- सार्बजनिक सुनुवाईको प्रतिबेदन ।

### ४ अध्ययनका सीमा

सामाजिक परिक्षणको क्षेत्र घोराही नगरपालिकाले आर्थिक बर्ष २०७१।७२ मा सम्पन्न गरेका कामहरुको उपलव्धी र प्रभावको लेखाजोखा ।

स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधी २०६७ को मार्ग निर्देशनमा रही २०७२ असोज ७ गते देखि कार्तिक २५ गतेको अवधीमा सम्पन्न गरिसक्नुपर्ने ।

## ५ सामाजिक परिक्षणका लागी बृहत छलफल कार्यक्रमको विबरण

- स्थान घोराही नगरपालिका ।
- मिति २०७२ कार्तिक १६ गते दिउसो १२.३० बजे ।
- कार्यक्रम सञ्चालन घोराही नगरपालिकाका सूचना अधिकारी प्रेम के.सी.
- अध्यक्षता घोराही नगरपालिकाका कार्यकारी अधिकृत तुफान सिह के.सी.
- स्वागत तथा उदेश्यमाथि प्रकाश विज्ञ समुहको तर्फबाट सुदर्शन रिजाल
- सामाजिक परिक्षण बृहत छलफलमा विज्ञ समुहको प्रस्तृती सन्तोस सुवेदी
- छलफलमा आएका सल्लाह सुझावहरुको टिपोट विज्ञ समुहका सुदर्शन रिजाल

### ५.१ सामाजिक परिक्षणको उदेश्य

- घोराही नगरपालीकाले आव २०७१।७२ मा गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु वारे प्रष्ट पार्ने ।
- घोराही नगरपालिकाभित्र संचालित विकास योजनाहरुमा जनसहभागिताको स्थिति पत्ता लगाउने ।
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु पत्ता लगाई तिनको समाधानका उपायहरु खोज्ने ।
- नगरपालीकाले पेश गरेको आर्थीक तथा कार्य संपादनको विबरण प्रतिको विश्वसनियता पत्ता लगाउने ।
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर लेखाजोखा गर्ने ।
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु प्रदान गर्ने ।

### ५.२ सामाजिक परिक्षणका लागि बृहत छलफलमा प्रस्तुत अवस्था विज्ञ समुहका सन्तोस सुबेदीबाट (अनुसुची २ मा हेर्नुहोस ।)

५.३ खुल्ला छलफलका लागि आचारसंहिता/एजेण्डाहरु प्रस्तुत विज्ञ समुहका सुदर्शन रिजालबाट

५.३.१ आचारसंहिता

- विषयबस्तुमा केन्द्रित भइ छलफल गर्ने ।
- तत्थ्याङक र सूचनाको आधारमा रही विचार राख्ने ।
- व्यक्तिगत आक्षेप नलगाउने तथा नीजी कुरामा टिकाटिप्पणी नगर्ने ।
- सहभागिले व्यक्त गरेका विचारको प्रतिबाद नगर्ने, प्राप्त सुझाव र प्रतिक्रियालाई सकारात्मक रुपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र सिष्टाचारलाई कायम राख्ने ।

- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने ।
- सामाजिक परिक्षकले समय दिएपछि मात्र एक व्यक्ति एक पटक बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने अर्काको कुरा नकाट्ने ।

**५.३.२ खुल्ला छलफलका एजेण्डाहरु**

- घोराही नगरपालीकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु ।
- नगरपालीकाले गरेका विकास योजनाहरुमा जनसहभागिताको स्थिति
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु
- घोराही नगरपालिकाले  पेश गरेको विबरण प्रतिको विश्वसनियता
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु ।

अनुसुची २

५.२ बृहत छलफलमा प्रस्तुत सामाजिक परिक्षकको प्रारम्भिक प्रतिवेदन

५.२.१ स्थानीय निकायको परिचय

नाम- घोराही नगरपालिका, दाङ ।स्थापना २०३५ माघ १५ गते ।

जनसंख्या- ६२ हजार ९ सय २८ जनगणना २०६८. ।
हाल २०७२ असार सम्म ७३ हजार १ सय ९६ जना प्रक्षेपित । बृद्धिदर ४.५ प्रतिशत ।
क्षेत्रफल- ७४.४६ बर्ग.कि.मी. । जनघनत्व हालको ९४७ जना प्रति बर्ग कि.मी. २०७१ मा ।

५.२.२ घोराही नगरपालिकाको आ.व.२०७१/०७२ को आय व्यय । नपाको प्रगति प्रतिवेदन अनुसार

- कुल बजेट १७ करोड ६८ लाख ७ हजार ५ सय ८० मा खर्च १६ करोड ४९ लाख १८ हजार ८ सय ७० बजेटका हिसावले ९३.२७ प्रतिशत
- जुन अघिल्लो आर्थिक बर्ष ०७०।७१ मा जम्मा बजेट ११ करोड ४४ लाख र जम्मा खर्च १० करोड ९४ लाख बजेटका हिसावले ९५.६३ प्रतिशत र भौतीक प्रगति ९८.५० प्रतिसत ।

५.२.३ गतवर्ष (आर्थिक बर्ष ०७०/०७१ तथा यसबर्ष ०७१ /७२ का मुख्यमुख्य उपलव्धीहरु. ।

| खर्च क्षेत्र | आ.ब. ०७०।७१ मा | अघिल्लो बर्ष सम्म | आ.ब.०७१ /७२ |
|---|---|---|---|
| सडक कालोपत्रे | २.७२ कि.मी | २६.५० | ३.७५ |
| सडक ग्राभेल | २१.०१ कि.मी. | ८० | १०.८९ |
| धुले तथा कच्ची सडक | ४.४६ कि.मी | २२.५० | १०.५६ |
| खानेपानी योजना | १७ गोटा | ४५ | १७ |
| विद्युतिकरण विस्तार | | १४.१५ | ६.०८ |
| विद्यालय तथा सामुदायीक भवन | ८ वटा | १५ | ७ |
| घरनक्सा पास | ३९३ वटा | | २८३ मध्ये भवन संहिता अनुसार २३१ |
| हरित नगरका लागि बृक्षारोपण | ३.२ कि.मी. संरक्षण सहित | | १४ हजार भन्दा बढी बृक्षारोपण |
| सडक मर्मत सम्भार | ७.२५ कि.मी | २०.२५ | ११.१९ |
| सडक पुल | ५ वटा | ७७ | ४० |
| गुनासो व्यवस्थापन | ११ मध्ये ९ वटा, एक प्रकृयामा | | २० मध्ये १८ फर्छौट |
| कुल सम्पन्न योजना | ८७ वटा योजना | | १३१ वटा योजना |

५.२.४ आ.व २०७१।७२ का उल्लेख्य कार्यहरु

क) हरित नगर अन्तर्गत घोराही ५ अम्बापुर र घोराही ३ ढिकपुरमा गरी थप २ कृतिम जलायस निर्माण गरिएको ।

ख) स्थानीय निकाय वित्तीय आयोगले गरेको न्युततम सर्त तथा कार्यसम्पादन मापनमा दोश्रो स्थान प्राप्त गर्न सफल ।

ग) घोराही बजारका मुख्य सडकहरु तुलसीपुर चोक दामोदर चोक बसपार्क लगायतका स्थानमा सौर्य प्रणालीबट सडकबत्ती जडान ।

घ) बजार व्यबस्थापन गर्ने अभियान अन्तर्गत सडक अतिक्रमण गरी बनाईएका ४२ बटा पेटी र २७ बटा भऱ्याङ हटाईएको ।

घ) घोराही १ कपासीमा सार्बजनिक निजी अबधारणा बमोजीम अटो टाउन सञ्चालनमा ल्याईएको ।

ङ) घोराही १ र २ को बिच गुलरिया नजिक करिव १२ बिगाह क्षेत्रफलमा खेलकुद मैदान निर्माणको काम शुरु गरिएको ।

च) नगरपालिकामा डिजीटल नोटिस बोर्ड स्थापना  गरिएको वेभसाईडलाई व्यबस्थित गरिएको ।

छ) सडक कालोपत्रे गर्दा सडकको दायाबाया बृक्षारोपण गर्ने नियमलाई अनिबार्य गरी ४.५ कि.मी. सडकमा बृक्षारोपण गरिएको ।

## ५.२. ५ .सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा ।

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **गतवर्षकोअवस्था ०७०।७१ को** | **०७१।७२मा भएका प्रयास** | **उपलव्धी** |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| एक घण्टा भित्र स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिबार | १५ हजार ५ सय मध्ये १४ हजार | ७ वडाको लापेमा मोटरबाटोमा लगानी ७ नंबर नगरस्वास्थ्य क्लिनिक भवन निर्माण ८ लाख ६८ हजार | |
| ५ बर्ष मुनीका बालबालिका प्रतिशत | १५ प्रतिशत | गत बर्ष निर्मित शहरी क्लिनीक स्थापना गरी खोप लगायत उपचारमा सहयोग निरन्तर | घर नजीकै खोप तथा उपचारमा सहज पहुच बढेको । |
| खोपमा पहुच भएको जनसंख्या १ बर्ष मुनीको बालबालिकाको आधारमा | विसीजी/दादुरा ९८ प्रतिशत डिपिटी हिप वि ८८ प्रतिशत | नगर स्वास्थ्य क्लिनिक मार्फत खोपमा पहुच वढाउने प्रयास भएको | सहरी स्वास्थ्य क्लीनिक स्थापनापछि खोपको पहुच बढेको |
| ४ पटक गर्भजाच गराएका महिलाको संख्या प्रतिशतमा | - | सहरी स्वास्थ्य क्लिनिक मार्फत तत्थ्याङक राख्ने | सहरी स्वास्थ्य क्लिनिक मार्फत |

| | | | |
|---|---|---|---|
| | | प्रयास गरिएको । | तत्थ्याङक राख्ने प्रयास गरिएको । |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराएका महिला संख्या | - | सहरी स्वास्थ्य क्लिनिक मार्फत तत्थ्याङक राख्ने प्रयास गरिएको । | दक्ष प्रसुतिकर्मीबाट प्रसुती गराउने क्रम बढेको |
| झाडापखालाबाट मृत्यु हुने संख्या | | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | मृत्यु भएको थाहा छैन । |
| स्वास्थ्य संस्थाबाट सेवा लिने घरपरिबार संख्या | विरामी पर्दा सबैजसोले लिने गरेको | स्वास्थ्य संस्था थपेर पहुच बृद्धि गरेको | सबै जसोले स्वास्थ्य संस्थाबाट सेबा लिने गरेको । |
| **शिक्षा** | | | |
| आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या | — | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको सवै आधा घण्टा भित्र विद्यालय पुग्ने |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ६० प्रतिशत पूर्ब प्राथमिक तहमा भर्नाFGD २०६८ | विद्यालयहरुलाई सहयोग | शैक्षिक स्थितिमा सुधार हुदै गएको । |
| प्राथमिक विद्यालयमा पहुच नभएका ५-९ उमेर समुहका बालबालिकाको संख्या प्रतिशतमा | १ सय बढी ६-१८ उमेर समुहका FGD २०६८ | विद्यालयलाई सहयोग तथा दलित बालबालिकालाई छात्रबृति दिईएको । | शैक्षिक अबस्थामा क्रमस सुधार हुदै गएको । |
| कक्षा १ मा खुद भर्नादर | ९८ प्रतिशत DEO २०६८ | खुद भर्ना केन्द्रित कार्यक्रम नगरिएको | शैक्षिक अबस्थामा सुधार हुदै गएको |
| प्राथमिक तहमा कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तिर्ण हुने दर | क्रमश ५, १० र ९० प्रतिशत DEO २०६८ | विद्यालय सहयोग बाहेक अन्य काम नगरिएको | शैक्षिक अबस्थामा सुधार |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९८ प्रतिशत DEO २०६८ | शिक्षक तालिममा नपाको लगानी नहुने गरेको । | विद्यालय सहयोग मार्फत शैगिक सुधार |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ४० देखी ५० जना DEO २०६८ | भौतिक पुर्बाधार विकास मा सहयोग | विद्यालयको भौतिक अबस्थामा सुधार हुदै गएको । |
| स्थानीय निकायबाट निर्मीत विद्यालय कोठा संख्या | | ७ बटा स्कुल तथा सामुदायिक भवन सहयोग | विद्यालयको वस्थामा सुधार भई गुणस्तरिय पठनपाठनमा टेवा पुगेको |
| दलित बालबालिकाको शिक्षामा पहुच | | छात्रबृत्ति उपलव्ध गराएको | ३०२ जनाले छात्रबृत्तिमा पढ्न |

| | | | |
|---|---|---|---|
| | | | पाएको । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिबार संख्या | ८० प्रतिशत | कुवा इनार खानेपानी सहयोग १७ बटा | थप परीवारले स्वच्छ पानी पाएको |
| सौचालय भएको परिबार संख्या | सत प्रतिशत परिबारमा सौचालय | खुला दिशा मुक्त नगर घोषणा | चर्पी प्रयोग गर्ने परिबार संख्या सत प्रतिशत |
| सुधारिएको चुलो भएको परिबार संख्या | १ हजार बढी परीवारले सुधारिएको चुलो प्रयोग गरेको | संघसंस्थाको समन्वयमा काम भईहेको । | दाउरा खपतमा कमी आएको गृहणीहरुको स्वस्थ्यमा सुधार भएको |
| **बालबालिका महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिबाह संख्या | ९९ जना FGD. २०६८ | बालमैत्री कार्यक्रम अन्तगृत सचेतनामुलक काम भईरहेको | बाल विवाह विरुद्ध सचेतना बढेको । |
| सामाजिक विकृति विसंगति | - | | |
| सामाजिक सुरक्षा(जेष्ठ नागरिक, एकल महिला, अपाङ, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती ) | जेष्ठ नागरिक ७० माथी १११८, ६० माथिका दलित जेष्ठ ३७२, एकल महिला ११७३ लोपोन्मुख कुसुण्डा १६ जना पूर्ण अपाडग ५८ आंशिक २१ दलित बालबालिका ३३३, | १ करोड २४ लाख ७० हजार | सामाजिक सुरक्षा कार्यक्रम मार्फत सम्मान |
| **जनचेतना तथा गरिवी निबारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बालक्लवहरुको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरु | | | |
| गरिवि निबारणका प्रयासहरु | | खुकुरी बनाउने तालिम १५, व्युटिपार्लर ३०, झोला बुनाई ५५ उद्यम व्यबस्थापन ८५, बैदेशिक रोजगार २४, व्यबसायिक कृषि ५९, बगुरपालन ९५, च्याउ खेती ६०, माहुरी पालन ६५, सिलाईकटाई | |

| | | | |
|---|---|---|---|
| | | ४४, भवन निर्माण तालिम १००, मैनबत्ती तालिम २० बाखा पालन ४५, लोकसेबा तयारी कक्षा ३५, समुह बैमौसमी खेती अनुदान सहयोग ६ लाख ३० हजार, कुखुरा पालन खोर निर्माण ३ र ७ मा ६ लाख ३० हजार, डेरी उद्योग ३ लाख १५ हजार ६ वडा | |
| सामाजिक परिचालन | | ११ जना सामाजिक परिचालन | विकासमा सहज |
| बातावरण सुधारका प्रयासहरु | | जलासय निर्माण घोनपा ५ अम्बापुर, गुलरिया पार्क व्यबस्थापन। मुख्य सडकमा हरियाली ४३६ बटा केज सहितका विरुवा संस्थागत अनुरोधमा ६ हजार ५ सय विरुवा वितरण बन कार्यालयको सहयोगमा सहुलियत दरमा विरुवा प्राप्त गरी विरुवा वितरण । प्लाष्टिक झोला नियन्त्रण अभिमुखीकरण । बाताबरण मैत्री अभिमुखीकरण । ९ स्थानमा सडक सोलार बत्ती । | |
| एच.आइ.भि.एड्स | | | |
| विकासमा समान सहभागिता | | १५ देखी ४० प्रतिशत<br>नपा आन्तरिक कोष १५ प्रतिशत<br>नगर विकास अनुदानमा २० देखी ४० प्रतिशत | |
| **सेवाहरुमा पहुच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगालिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्त बर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएका विशेष अवसरहरु | | सामाजिक कार्यक्रममा प्राथमिकता आईएलओ १६९ सचेतीकरण । | |
| **संस्थागत क्षमता** | | | |
| जनसक्ति | ८१ | | |
| निति तथा कार्यक्रम | | | |

| | | | |
|---|---|---|---|
| भौतिक व्यवस्था | | कर शाखा सुधार | |
| समन्वय र सहकार्यका प्रयासहरु | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | | |

**५.२.६ घटना दर्ताको अबस्था**

**जन्म छोरा ११७४, छोरी १०६०, मृत्यु पु १८४ महिला १०० बसाईसराई ३४३८ विबाह ६९० सम्बन्ध विच्छेद १० बटा ।**

**५.२.७ सामाजिक परिक्षण बृहत छलफलमा नगरबासी उपभोक्ता तथा सरोकारवालाबाट आएका सुझाव तथा प्रतिबद्धताहरु**

**१ दिलिप डिसी घोराही नपा १०, अध्यक्ष टाउनप्लान विकास संस्था**

कुनै योजना यस्ता हुदा रहेछन् । जुन योजना नगरबासी सबैको सरोकारका हुन तर योजनामा लागत सहभागिताको रकम उठाउदा सबैबाट उठाउन संभव छैन । जस्तै घोराहीको त्रिभुवन पार्क (हाल सहिद पार्क) सबैले प्रयोग गर्छन । तर लागत सहभागिताको रकम उठाउदा टाउन प्लानका उपभोक्ताबाट मात्र उठाउन सकिदो रहेछन यस्मा नगरपालिकाले ध्यान दिनुपर्छ । यस्को मापदण्ड बनाउन जरुरी छ । पार्क सबैको हो भने सबैको लागत सहभागिता चाहियो तर यसरी सबैबाट उठाउन संभव छ कि छैन त? उपभोक्ताले पैसा को को बाट उठाउने ? यस्ता कुरामा उपयुक्त नियम तथा मापदण्ड बनाउनु पर्छ ।

**२ भुपेन्द्र सुबेदी घोराही ११**

नगरपालिकाले सबै योजनामा लागत सहभागिता खोज्ने तर उपभोक्ता सबै योजनामा लागत सहभागिताका लागि तयार हुन सक्ने अबस्थामा छैनन् । उपभोक्ताबाट लागत सहभागिताको रकम उठाउन ज्यादै गाह्रो छ । नगरपालिकाले योजना सञ्चालनमा पेश्की रकमको व्यबस्था गर्नु अत्याबश्यक छ । ठुला योजनामा कामको प्रगतिका आधारमा रकम निकासा दिने व्यबस्था नहुने हो भने काम गर्न ज्यादै अप्ठेरो छ ।

जेष्ठ नागरिक तथा अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाबाट वितरण गर्ने व्यबस्था मिलाईयोस । प्रस्तुतीमा नगरपालिकामा सामाजिक परिक्षण लगायत नगरपालिकालाई आवश्यक पर्ने केही तत्थ्याङ्क व्यबस्थित गर्न नसकेको पाईयो । यस्का लागि वडा नागरिक मञ्च लगायत कोही जिम्मेबार संस्थालाई जिम्मा दिएर भएपनि यस्को व्यबस्था गर्नुपर्छ । नगरपालिकामा खानेपानीको अभाव बढ्दो छ । यसको दिर्घकालिन व्यबस्थापनका लागि कृतिम जलासयलाई बढावा दिईयोस ।

न्युरोडमा रोपिएका विरुवा गमला रोपेका विरुवा जस्ता भएका छन् । ठुलो हावा लाग्दा ढल्ने खतरा छ । अव बृक्षारोपण गर्दा जरा जमिन मुनी जाने गरी दिर्घकालिन खालको योजना बनाएर बृक्षारोपण गर्ने कुरालाई प्राथमिकतामा राखियोस ।

**३ देबी बहादुर डिसी, घोराही खानेपानी उपभोक्ता समितिको अध्यक्ष**

घोराहीमा खानेपानी र पानीका मुहानको संरक्षणमा विशेष ध्यान दिईयोस । खानेपानीमा १७ योजना भनियो । तर ती फुटकरे योजना भए । खानेपानीको दिर्घकालिन समस्यामा अरु ठुला आयोजना मार्फत होस वा जे गरेर हुन्छ । नगरपालिकाको उत्तरतर्फ हाईड्याम बनाउने शुरुवात गरौ भनेर मैले गतबर्ष

पनि भनेको थिए । यसतर्फ समयमा नगरपालिकाले लगानी नगर्ने हो भने घोराहीमा खानेपानीको हाहाकार हुने निश्चित छ । यसतर्फ नगरपालिकाले किन ध्यान दिन सकेको छैन ? कटुवा खोलामा ड्याम निर्माणको सुरुवात होस । नपा न्युनतम सर्त मापनमा दोश्रो त भयो । कागजमा मात्र भएर भएन । पानी त खान पाउनु पर्‍यो नी । पानी जीवन हो । पानी मुहान संरक्षणमा लगानी बढाऔ ।

**४ केशव गिरी नगरबासी, घोराही नगरपालिका ८**

नगरपालिका वा जिविसले सञ्चालन गर्ने कुनै कुनै योजना यस्ता हुदा रहेछन की कस्लाई उपभोक्ता बनाउने भन्ने समस्या हुदो रहेछ । योजनाको नाम ठुलो हुने ? कहा लगानी गर्ने भने निश्चित नहुने हुदा बास्तविक उपभोक्ता कस्लाई मान्ने भन्ने गाह्रो हुदो रहेछ । यसैले योजना छनौट गर्दा ठुलो योजना अन्तर्गत पनि कहा लगानी गर्ने हो त्यसका बास्तविक उपभोक्ता को हुन भन्ने पहिले नै पहिचान गरेर मात्र योजना निर्माणको थालनी गर्नुपर्छ । यसो नहुदा उपभोक्ता समिति गठन मै किचलो हुने ? लागत सहभागिताको रकम नउठ्ने र काम गर्न पनि गाह्रो हुन्छ भन्ने कुरालाई नगरपालिकाले आगामी दिनमा ध्यान दिनु पर्छ ।

यस्तै कतिपय योजनामा नगरपालिका क्षेत्रभित्रका ठुलो लगानी आवश्यक पर्ने योजनालाई सडक डिभिजन, जिविस लगायतका अन्य निकायले यो नगरपालिकाको क्षेत्रभित्रको हो भनेर बेवास्ता गर्ने अनि नगरपालिकाको बजेटले काम गर्न पनि नसक्ने हुदो रहेछ । यस्मा उचित र आवश्यक समन्वय गर्न आवश्यक छ ।

**५ घनश्याम गिरी उपभोक्ता घोराही नगरपालिका ८**

हाम्रो समस्या यो टेबुल जस्तै हो । नपाका केही स्थानका सडक बेवारिसे भएका छन् । हाम्रा बाटोहरु ठुला सवारी साधन र स्कुलबसले विगारेका छन् । नगरपालिकाले यस्ता सडकलाई बेबारिसे बनाउनु भएन ।

**६ दामोदर खनाल वडा नागरिक मञ्च घोराही नगरपालिका ५ नवलपुर**

योजना छनौट गर्दा वडा नं ५ लाई मौरिपालन तालिम भनियो । नपामा आउदा शेर बहादुर सरलाई सम्पर्क गर्न भनियो । पछि बजेट रोकियो किन रोकियो ? नगरबासीलाई यसरी झुलाउन पाईन्छ । यस्ता काम आगामी दिनमा नहोस ।

**७ जनरल पुन घोराही नपा ६**

घोराही नगरपालिका ६ मसिनामा सार्बजजिक सौचालयको आवश्यकता छ । नगरपालिका तथा जिल्ला खुला दिशामुक्त भएपनि स्वर्गद्धारी जाने पैदल यात्रुहरुका कारण मसीना क्षेत्रमा खुला दिसा पिसाव धेरै हुने गरेको छ । सार्बजनिक सौचालय बनाउने काम नगरपालिकाको हो की ? उपभोक्ताको हो ? यसतर्फ नगरपालिकाले किन ध्यान दिदैन ।।

**८ मेघराज आचार्य घोराही ११**

सडकको रेखाांकन गर्ने बोझ पनि उपभोक्तालाई दिने, प्राविधिक बोलाउदा पनि समयमा नआउने । तपाईहरुले गर्नुस भैहाल्छ भनिदिने । उपभोक्तालाई ढाल बनाउने काम मात्र भईरहेको छ । ठुला योजनाका लागि पेश्की वा मध्यबधि मुल्याङ्कन गरेर भुक्तानीको व्यबस्था गर्नु अत्यावश्यक छ । अहिले उपभोक्ताले आफै जिम्मेबारी बसेर उधारो लिनुपर्ने, उधारो नपत्याए आफै रकम लगानी गर्नुपर्ने भईरहेको छ ।

**९ नपाका तर्फबाट कार्यकारी अधिकृत तुफानसिह केसी तथा ईञ्जीनियर रामधन श्रेष्ठको जवाफ तथा प्रतिबद्धता ।**

यो प्रस्तुती सामाजिक परिक्षण कार्यविधि अनुसार स्वतन्त्र विज्ञहरुले तयार गरेको प्रस्तुती । यहा आएका सुझावहरुलाई हाम्रालागि तत्थ्यपरक र मनन योग्य नै छन् । उपभोक्ताहरुबाट आएका सुझाव त झनै मननयोग्य छन् । हामीले नेपाल सरकार र स्थानीय विकास मन्त्रालयले तयार गरेको कानुन र कार्यविधिको परिधिमा रहेर काम गर्ने हो । त्यसै अनुसार गरिरहेका छौ । नगरपालिका टिमवर्कबाट चल्छ । शाखा अनुसार काम हुन्छ । यस प्रस्तुती र उपभोक्ताबाट आएका सुझाव अनुसार सम्बन्धित शाखा मार्फत सुधार गर्न हामी प्रतिबद्ध नै छौ ।

कतिपय कुरा कानुन र कार्यविधीका कारण हामीबाट संभव नहुने कुरा छन । जस्तै पेश्कीको कुरा हामी पेश्की रकम दिन सक्दैनौ । तर ठुला योजनामा काम सम्पन्न भएको आधारमा कामको मुल्याङक गरी रकम भुक्तानी गर्ने कुरा गर्न सकिन्छ । आवश्यक परेको अबस्थामा गरिएको पनि छ ।

धेरै उपभोक्ताले लाभ पाउने योजनामा लागत सहभागिताको रकम उठाउदा व्यबहारिक कठिनाई आएको कुरा एकदम साचो हो । यस्लाई कसरी सुधार गर्ने भन्ने सन्दर्भमा मन्त्रालयसंग छलफल गरेर सुधार गरिने छ ।

खानेपानी श्रोत संरक्षणका लागि हाईड्याम नभएपनि कृतिम जलासय निर्माण नगरपालिकाको प्राथमिकतामा परेको विषय हो । हाईड्याममा नगरपालिकाले लगानी गर्न सक्ने अबस्थामा छैन् । तरपनि संयुक्त लगानी गर्न सक्ने अबस्था रहला पनि ।

बृक्षारोपण लगायत हरित नगर पनि घोराही नगरपालिकाको प्राथमिकतामा परेको विषय हो । यस्मा पनि हामीले लगानी बढाईरहेका छौ ।

केन्द्रले बजेट कटौती गरिदिदा गतबर्ष घोराही ५ मा छनौटमा परेको मौरीपालन तालिम लगायतका योजना सञ्चालन गर्न नसकिएको साचो हो । त्यस्ता योजनालाई यो बर्ष प्राथमिकतामा राखेर काम गर्ने योजनामा छौ ।

सामाजिक सुरक्षा रकम वडाबाटै वितरण गर्ने भन्ने समन्धमा नगरपालिका क्षेत्रमा स्थानीय विकास मन्त्रालयको निती नै सामाजिक सुरक्षा भत्तालाई बैक बाट नै व्यबस्थित गर्ने भन्ने छ । त्यही अनुसार यो बैकले वितरण गरिरहेको छ हामीले बैकलाई सहजीकरणमा सहयोग गरी बैकमा लाईन लाग्नुको सट्टा नपा मार्फत दिदा सजीलो हुने भएकाले नपाहलबाट वितरण गरेको अबस्था हो ।

नगरबासीबाट आउने सबै सुझाव हाम्रालाई मनन योग्य छन् । तपाईहरुको खबरदारी र सहयोग नै नगरविकासको मुख्य आधार भएकाले यस्मा तपाईहरुको सहयोगलाई हामीले अमुल्य ठानेका छौ ।

**६ गतवर्ष नगरपालिकाले भोगेका समस्याहरु(बुदागत रुपमा)**

- केन्द्रिय बजेट हरेक बर्ष बढीरहेपनि केन्द्रबाट जिल्लामा आउने बजेट पछिल्ला बर्षहरुमा कम हुदै गएको ।
- उपभोक्ताबाट आउने योजनाको मागमा लगातार बृद्धि भईरहदा समेत केन्द्रबाट आउने अनुदानमा कटौती भईरहदा समस्या बढ्दै गईरहेको ।
- लागत सहभागितामा ५० प्रतिशत हामी उठाउछौ भनेर उपभोक्ता आउदा समेत योजना दिन नसकेको अबस्था ।

- भुकम्पले घरनक्सा पास रोकिदा दोश्रो प्रमुख राजश्वको श्रोत २० लाखले घटेको ।
- बजेट कार्यविधीले नै टुक्रे योजनालाई प्राथमिकता दिनु पर्ने अबस्थाले देखीने काम गर्न कठिनाई ।
- नगरपालिकाको श्रोत र जनअपेक्षा बीच तालमेल नहुदा गुनासो बृद्धि भएको ।
- सार्बजनिक जग्गाहरु संरक्षणमा कठिनाई । टोलले सकृयता देखाउनुपर्ने अबस्था । टोलले पनि जोखिम लिन नसकेको अबस्था ।
- स्थानीय स्वायत्त शासन ऐन नियम बमोजिम तोकिएको कर तथा दस्तुरका दरहरु समयानुकुल परिमार्जन गरिएपनि उठाउन केही कठिनाई भईदिदा न्युनतमलाई मानेर काम गर्नुपरेको अबस्था ।
- योजना कार्यन्वयन गर्दा पेश्की रकम दिने मध्याबधी मुल्याडकनको परिपाटी नहुदा उपभोक्तालाई काम गर्न गाह्रो भईरहेको अबस्था ।

## ७ सुधारका लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुदागत रुपमा)

- बजेट कटौतीका कारण पत्ता लगाई बजेट बृद्धिका लागि पहल गर्नुपर्ने ।
- नगरपालिकाले चालेको सडक अतिक्रमण हटाउने कामको धेरैतिर प्रशंसा भएकाले यस्लाई निरन्तरता दिदै व्यबस्थित प्लानिङलाई बढी जोड दिनुपर्ने ।
- ठेला, तथा फुटपाथलाई व्यबस्थित गरि एकै स्थानमा केन्द्रित गर्नुपर्ने तथा अटो टाउनमा नगएका व्यबसायीलाई पनि त्यहा लैजान पहल गर्नुपर्ने ।
- कामहरु गर्दा मन्त्रालयले दिने निर्देशन, नगरपरिषलले लिएका अल्पकालिन र दिर्घकालिन नीति तथा मार्गनिर्देशनलाई अवलम्वन गर्दै योजनाबद्ध विकासमा जोड दिनुपर्ने ।
- नगरबासीलाई मार नपर्नेगरी आन्तरिक श्रोतको दायरा बृद्धितर्फ जोड दिनुपर्ने ।
- नगरपालिकाभित्रको प्राकृतिक श्रोतको उपयोग नगरपालिकाले गर्न पाउने गरी स्पष्ट नितिगत व्यबस्था हुनुपर्ने देखिन्छ ।
- नगरपालिकको कुनै शाखा प्रमुख वा कर्मचारी नआएको अवस्थामा पनि अर्को कर्मचारीबाट सेवाग्राहीले सेवा पाउने बैकल्पीक प्रवन्ध गर्ने व्यबस्था मिलाउनुपर्ने देखिन्छ ।
- विकास आयोजनामा जनसहभागिता बृद्धिका लागी उपभोक्ताहरुको लेखा तथा मानविय क्षमता अभिबृद्धिका कार्यक्रमहरु अघि बढाउनुपर्ने ।
- नगरपालिकाका हरेक शाखाबाट भइरहेका काम सम्बन्धित शाखाबाट नभए सूचना शाखालाई नगरबासीले चाहेको बेला पाउन सक्ने गरी व्यबस्थीत गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा प्रभावकारिता ल्याउन साना साना काममा पनि तोक लगाएर मात्र काम शुरु गर्ने परिपाटीको अन्त्य गरि सम्वन्धित शाखाबाट सहजै हुनेगरी व्यबस्था मिलाउनुपर्ने देखिन्छ ।
- यसैगरी नगरपालिकाले आफुले गरेका काम तथा सेवालाई प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, न्युनतम सर्त मापन संग सम्वन्धित सूचनाहरु अध्यावधिक

गर्नुपर्ने तथा बालबालिका, महिला तथा दलित जनजाती प्रोफाइल तयार गरी काम गर्नुपर्ने देखिन्छ । जस्को सुरुवात गरिएको नगरपालिकाले जनाएको छ ।

- यस्तै सामाजिक परिक्षण कार्यविधी अनुसार सामाजिक परिक्षकलाई सहयोग गर्न सामाजिक परिक्षण समन्वय समिति गठन गर्नुपर्ने देखिन्छ ।

**सामाजिक परिक्षक/विज्ञ समुहको नाम**

**सुदर्शन रिजाल, उप प्राध्यापक महेन्द्र वहुमुखी क्याम्पस**

**सन्तोस सुवेदी, उप प्राध्यापक गंगा क्याम्पस रामपुर**

## ८ सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु ।

क. नगरपालिकाका काममा जनसहभागिता राम्रो पाइएको । तथापी यस्लाई अझ बढाउन आवश्यक देखीन्छ । नगरपालिकाको भोगाईमा ५० प्रतिशत लागत सहभागितामा काम गर्छौं भन्दा पनि बजेट पुऱ्याउन नसकेको अबस्था ।
ख. नगरपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो ।
ग. उपभोक्ताहरुले पेश्की विना पनि काम गर्ने गरेकाले बेरुजु रकम सुन्यमा झरेको पाइएको । तथापी पेश्की रकम पाउने प्रावधान नहुदा उपभोक्ताले विकास योजना सञ्चालनमा कठिनाई भोगेको पाईयो ।
घ. नगरपालीकाको नगरपरिषद, नगर तथा वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको सामाजिक परिक्षणबाट देखीयो ।
ङ. सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई कार्यकारी अधिकृत तुफानसिह के.सी.तथा ईन्जीनियर रामधन श्रेष्ठबाट सकेसम्म सम्वोधन गर्ने प्रतिबद्वता आएको छ ।
सामाजिक परिक्षण बृहत छलफलमा नगरबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको पाईयो ।
च. नगरपालिकाले गरेका कामको बार्षिक रुपमा आमसञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको पाईयो ।

## ९ सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमीकमजोरीहरु ।

क. नगरपालिकाको भोगाई तथा उपभोक्ताको अनुभवमा लागत सहभागिताका लागि बजार क्षेत्रका उपभोक्ता उत्साही देखीएपनि ग्रामीण क्षेत्रका विपन्न उपभोक्ताबाट रकम उठाउन चुनौती रहेको पाईयो ।
ख. नगरपालिकाले आन्तरिक श्रोतको दायरा फराकिलो बनाउने प्रयास गरेको भएपनि नगरबासीमा हामीले तिरेको कर विकासमै खर्च भईरहेको छ भन्ने आभास गर्न नसकेको पाईएकाले यसमा ध्यान दिनुपर्ने देखिन्छ ।
ग. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने भन्ने उपभोक्ताको गुनासो पटक पटक आउदा पनि नगरपालिकाले यसलाई गंभिर रुपमा लिएको नपाईएकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

घ. नगरपालिकाले नगरबासीसंग फोहोर व्यबस्थापनका लागि कर लिन थालिसकेकाले फोहोर व्यबस्थापन प्रणालीलाई चुस्तदुरुस्त पार्दै लैजान र फोहोर व्यबस्थापनमा नगरबासीको सहभागिता बृद्धि गर्नु चुनौतीपूर्ण रहेको ।
ङ. जनसख्या निरन्तर बढीरहेको, उपभोक्ताबाट विकास योजनामा माग बढीरहेको तर केन्द्रबाट आउने अनुदान बजेट घटेको पाईएकाले यस्को खास कारण पहिचान गरी केन्द्रिय अनुदान बढाउन चुनौती रहेको देखीयो ।

## १० सामाजिक जिम्मबोरी पुरा गर्न घोराही नगरपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु ।

क नगरपालिकाले सम्पन्न गरेका कामको जानकारी नगरबासीले तत्काल पाउन सक्ने गरी वेभसाईड मार्फत सार्बजनिक गर्नुपर्ने तथा कार्यालयको अभिलेखमा व्यबस्थित गर्नुपर्ने ।
ख.नगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पत्तीहरुलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।
ग.उपभोक्तबाट निर्माण गर्नुपर्ने योजनाका लागि उपभोक्ताको आर्थिक, लेखा व्यबस्थापन तथा योजना सञ्चालन क्षमतामा बृद्धि गर्नुपर्ने देखिन्छ ।
घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएको अबस्थामा बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने ।
ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्धि गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
च. लागत सहभागितामा बृद्धि गर्न विपन्न समुदाय तथा ग्रामिण क्षेत्रका बासीन्दालाई म्याचिङ फण्ड वा अन्य कुनै विकल्प सोच्नुपर्ने देखिन्छ ।

**सामाजिक परिक्षकको नाम**

| | |
|---|---|
| **१ सुदर्शन रिजाल** | **२ सन्तोष सुवेदी** |
| **दस्तखत** | **दस्तखत** |
| **मिति** | **मिति** |

# सामाजिक परिक्षण २०७२ का तस्विरहरु

## सन्दर्भ श्रोत

- आर्थिक बर्ष २०७०।७१ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन ।
- नपाले प्रदान गरेको सेवाको प्रभावकारिता जाच्न नगरपालिकामा सेबा लिन आएका उपभोक्ताहरुसंग निर्गम अभिमत संकलन ।
- विगतका नगरपरिषदले गरेका निर्णयहरु ।
- लेखा परिक्षण प्रतिबेदन २०७०/७१ ।
- नगरपालिका बोर्डले गरेका निर्णयहरु ।
- नगर सूचना केन्द्रमा उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन ।
- लक्षित समुह अन्तर्बार्ता, स्थलगत निरिक्षण ।
- अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।
- सार्बजनिक सुनुवाईको प्रतिबेदन ।
- घोराही नगरपालिकको आवधिक योजना ।